नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेश विज्ञप्ति

## मा. अर्थमन्त्री डा. वाग्ले दुई दिने अमेरिका भ्रमण सम्पन्न गरी स्वदेश फिर्ता

विश्व बैंक समूह (World Bank Group) का अध्यक्ष, महामहिम श्री Ajay Banga को निमन्त्रणामा अमेरिकाको वासिङ्टन डी.सी. प्रस्थान गरेको माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले नेतृत्वको प्रतिनिधिमण्डल आफ्नो भ्रमण सम्पन्न गरी आज स्वदेश फिर्ता भएको छ।

डा. वाग्लेले बैंकका अध्यक्षसँगको भेटमा हालै रसुवा भोटेकोशी नदीमा आएको बाढीबाट क्षतिग्रस्त भौतिक एवं आर्थिक पूर्वाधारको पुननिर्माण, वृहत आर्थिक सुधार र वीमा एवं सामाजिक संरक्षणका लागि करिब एक अर्व अमेरिकी डलरको स्रोत उपलब्धताको सम्भाव्य परिचालनबारे घनीभूत छलफल गर्नुभएको थियो। सो अवसरमा डा. वाग्ले विश्व बैंकका दक्षिण एशिया क्षेत्रका उपाध्यक्ष श्री जहानस जटसँग बैंकको सन् २०२६ अक्टोवरमा प्रकाशन हुने South Asia Economic Update का सम्बन्धमा आयोजित Fireside chat on the economic outlook and policy priorities for South Asia and the impacts and opportunities of AI for the region” कार्यक्रममा सहभागी हुनुभएको थियो।

भ्रमणको क्रममा अर्थमन्त्री डा. वाग्लेको U.S. International Development Finance Corporation का साथै अन्य अमेरिकी संस्थाका उच्च-पदस्थ अधिकारीहरु, आर्मेनिया लगायत मुलुकमा Artificial Intelligence (AI) को क्षेत्रमा उल्लेख्य विदेशी लगानी गर्ने कम्पनी Firebird AI का संस्थापक तथा NVIDIA का प्रतिनिधि र हार्वार्ड विश्वविद्यालयको Growth Lab का नीति अनुसन्धानकर्ता र वौद्धिक समूहसँग विभिन्न विषयमा छलफल भएको थियो।

मितिः २०८३ साल आश्विन २१ गते बुधबार